मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२७ Purwanchal National Daily

एक अपूर्ण जीवनः पृष्ठ २



◆ वर्ष : २७ ◆ अङ्क : ४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ मंसीर ४ गते शनिवार (Saturday, November 20. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

# विवाह दर्तामा कानूनी जटिलता

**पार्थ मण्डल**

**झापा, मंसीर ३।** भद्रपुर नगरपालिका-६ निवासी दीपेश मण्डल विवाह दर्ताका लागि दैनिकजसो वडा कार्यालय धाइरहेका छन् । तर, उनको विवाह दर्ता स्थानीय तह अन्तर्गतको वडा कार्यालयले गर्न मानिरहेका छैन ।

मण्डलले २०७६ साल माघमा सामाजिक परम्परा अनुसार भारत पश्चिम बंगालकी अरुणा रायसँग विवाह गरेका छन् । भारतीय युवतीसँग विवाह गरेकै कारण उनको विवाह दर्ता हालसम्म नभएको हो । उनीहरुको विवाह भएको तीन वर्ष बित्न लागिसकेको छ ।

त्यस्तै भद्रपुर नगरपालिका-५ निवासी सुरज साह कसेराको समस्या पनि त्यस्तै छ । गत २०७७ साल मंसीरमा भारत विहारकी विश्वमिता कुमारीसँग उनले विवाह गरेका छन् । विवाह गरेको एक वर्ष बित्न लाग्दा समेत उनीहरूको विवाह दर्ता भएको छैन । उनीहरू जस्तै तराईका पूर्वको झापादेखि पश्चिमको कञ्चनपुरसम्मको जिल्लामा भारतीय युवतीसँग विवाह गरेका हरेक पुरुषको अवस्था सम्वभतः यस्तै छ ।

२०७५ साल भदौ १ गतेदेखि नेपालमा नयाँ मुलुकी देवानी (संहिता) ऐन २०७४ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७को विवाह सम्बन्धी व्यवस्थामा विदेशी नागरिकको हकमा जिल्ला अदालतबाट विवाह दर्ता (कोर्ट म्यारिज) गरी ल्याएको दर्ता प्रमाणपत्रको आधारमा मात्र स्थानीय तहले विवाह दर्ता गर्ने मिल्ने कानूनी व्यवस्था लागू गरेपछि विवाह दर्तामा जटिलता उत्पन्न भएको हो ।

पहिला भारतीय युवतीसँग विवाह गर्ने नेपाली युवकलाई कुनै समस्या थिएन, स्थानीय तहमा जाने बित्तिकै सहजै रुपमा विवाह दर्ता हुन्थ्यो । तर, देशमा विवाह सम्बन्धी जटिल कानूनी व्यवस्था लागू भएकै कारण विवाह दर्ताबाट वञ्चित हुनु परेको दीपेश मण्डलले गुनासो पोखे । ६ नम्बर वडा कार्यालयमा विवाह दर्ताका लागि धाइरहेको बताउँदै उनले भने- 'वडा सचिव अरुणा भट्टराईज्यूले भारतीय युवतीसँग विवाह गर्नु भएको कारणले यहाँ विवाह दर्ता गर्न नमिल्ने भन्दै फर्काइरहेकी छिन् ।'

सचिव भट्टराईले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७ अनुसार विदेशी नागरिकको विवाह दर्ता स्थानीय तहबाट नभई जिल्ला अदालतबाट गर्नुपर्ने भएकोले यहाँ गर्न नमिल्ने भन्दै अदालत जान भनेको उनले पीडा सुनाए ।



'सरकारले भारतीय युवतीसँग विवाह नगर्नु भनी कानून लागू गर्दा जटिल समस्या उत्पन्न भएको हो'- उनले भने- 'सरकारले तत्काल यस्तो कानून संशोधन गर्नुपर्छ, म जस्तो सयौँ पुरुषले भारतीय युवतीसँग विवाह गरेका छन्, अब उनीहरूको विवाह दर्ता कहिल्यै बन्दैन त ?' उनले प्रश्न गरे । अदालतमा गएर बुझ्दा विवाह भइसकेका दम्पत्तीलाई अदालतले पुनः विवाह दर्ता गर्न नमिल्ने भन्दै फर्काएको उनले सुनाए ।

सरकारले घुमाउरो पाराले भारतीय युवतीसँग विवाह नगर भनेर यस्तो कानून ल्याउँदा रोटी-बेटीको सम्बन्धमाथि नै अङ्कुश लगाउन खोजेको भन्दै अर्का सुरज साह कसेराले आक्रोश पोखे । कानून बनाउने कानूनविद्हरुले यो कस्तो कानून ल्याएको हो ?- उनले भने- 'भारतसँग जोडिएका तराईका जिल्लाका पुरुषहरूले अब भारतीय युवतीलाई सामाजिक परम्परा अनुसार विवाह गरेर नेपाल भित्र्याउनै नपाउने हो ? यस्तो कानूनको तत्काल संशोधन गरी हामी जस्ता पीडितहरूलाई विवाह दर्ता गरिदिनु पर्छ ।' कसैले सात वर्षपछि, कसैले दश वर्षपछि मात्र विवाह दर्ता बन्छ भन्ने हल्ला समेत फैलाइरहेको उनको भनाइ छ ।

**स्थानीय तहमै छुट्टाछुट्टै कानून**

भद्रपुर नगरपालिकाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७ अनुसार विदेश र नेपाली नागरिकबीच भएको विवाह दर्ता गर्न नमिल्ने अडान लिइरहेका बेला जिल्लाका अन्य स्थानीय तहहरूले विदेशी र नेपाली नागरिकबीच भएको विवाह दर्ता गरिरहेको पाइएको छ ।

जिल्लाका एउटा पालिकाले हुँदैन भनिरहेको अवस्थामा अन्य पालिकाले विवाह दर्ता कसरी गरिरहेको भन्ने प्रश्नहरू पनि उठ्न थालिसकेको छ ।

२०७५ साल भदौ १ गतेदेखि नयाँ मुलुकी देवानी (संहिता) ऐन, २०७४ लागू भए पनि हल्दिबारी गाउँपालिका-४ नम्बर वडा बस्ने एक युवकले आफ्नै गाउँपालिकामा विवाह दर्ता बनाएका छन् । उनले भारतीय युवतीसँग विवाह गरेका हुन् । उनीहरूको नाम भने गोप्य राखेका छौं । ती युवकले सामाजिक परम्परा अनुसार विवाह गरी २०७७ मंसीर ७ गते विवाह दर्ता प्रमाणपत्र हल्दिबारी गाउँपालिका-४ नम्बर वडा कार्यालयबाट लिएका छन् ।

'पालिकाकै पिच्छे फरक-फरक कानून कसरी लागू हुन्छ'- पीडित दीपेश मण्डलले भने- 'एउटा पालिकाले दिन नमिल्ने, अर्कोले मिल्ने यो कस्तो कानून हो ?' 'त्यति मात्र नभएर २०७५ साल भदौ १ गते अगाडि विवाह भएको प्रमाण लिएर जाँदा पालिकाहरूले विवाह दर्ता गराइदिन मिल्ने रे, त्यो चाहिँ कसरी मिल्छ ?'- उनले प्रश्न गरे । यता हल्दिबारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रवीण दाहालले नयाँ मुलुकी देवानी (संहिता) ऐन लागू भएपछि भारतीय युवतीसँग विवाह गरेका नेपाली नागरिकलाई विवाह दर्ताको प्रमाणपत्र पालिकाले बनाउन नमिल्ने बताए ।

**यस्तो छ कानूनी व्यवस्था**

२०७५ साल भदौ १ गतेदेखि नेपालमा नयाँ मुलुकी देवानी (संहिता) ऐन, २०७४ लागू भएको छ । सो ऐनको भाग ६ को निजी अन्तर्राष्ट्रिय कानून सम्बन्धी व्यवस्थाको ७०१ नम्बरमा विवाहको परिणाम आफ्नो मुलुकको कानून बमोजिम हुनेमा विवाह पश्चात् दम्पत्तीको वैवाहिक सम्बन्ध तथा विवाहको परिणाम निजहरूको नागरिकता एउटै मुलुकको भए त्यस्तो मुलुकको कानून बमोजिम, त्यस्तो मुलुक फरक-फरक भएमा निजहरूले सामान्य रूपमा बसोबास गरेको मुलुकको र त्यस्तो मुलुक पनि फरक फरक भएमा निजहरू तत्काल बसोबास गरेको मुलुकको कानून बमोजिम निर्धारण हुनेछ। (२) उपदफा (१) बमोजिम विवाहको परिणाम निर्धारण हुन नसकेमा निजहरूले विवाह गरेको मुलुकको कानून बमोजिम निर्धारण हुनेछ ।

त्यस्तै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७ परिच्छेद ३ पञ्जीकरण व्यवस्थापन १६को व्यक्तिगत घटनाको सूचना दिनेमा (१) ऐनको १८ दफाको उपदफा (१) वा (२) बमोजिम सूचकले व्यक्तिगत घटनाको सूचना दिँदा विवाह सूचनाको अनुसूची १२ बमोजिम (६) विदेशी र नेपाली नागरिकबीचमा भएको विवाह दर्ता गर्नु परेमा प्रचलित कानून बमोजिम दर्ताद्वारा विवाह गरेको प्रमाण-पत्रसहित यस नियम बमोजिम सूचना दिनुपर्नेछ ।

अहिले भद्रपुर नगरपालिकाले यही कानूनलाई टेकेर भारतीय (विदेशी) महिलासँग विवाह गरेकी भद्रपुरका पुरुषलाई विवाह दर्ता गर्न मानिरहेको छैन । सरकारले २०७५ भदौ १ गतेदेखि पञ्जीकरणमा नयाँ कानूनी व्यवस्था लागू गरेपछि भारतीय युवतीलाई विवाह गरी नेपाल ल्याएको पुरुषको हकमा विवाह दर्ता नगरपालिकाले रोकेको नगरपालिकाका पञ्जीकरण विभागका कर्मचारी प्रकाश भट्टराईले जानकारी दिए ।

**के भन्छन् कानून व्यवसायी ?**

विवाह दर्ता सम्बन्धी सरकारले ल्याएको नयाँ कानूनले झापासहित तराईका जिल्लामा जटिल समस्या उत्पन्न गरेको कानून व्यवसायी दीपेन्द्र भट्टराईले बताए । उनका अनुसार सरकारले लागू गरेको नयाँ मुलुकी देवानी ( संहिता) ऐन, २०७४ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७मा विदेशी नागरिकको हकमा विवाह दर्ता सम्बन्धी छुट्टै कानून ल्याएको हो । तर, ती कानून केलाउँदा भारतीय महिलासँग विवाह गरेको नेपाली पुरुषको हकमै भनेर काहीँकतै किटान गरी उल्लेख चाहिँ गरेको देखिँदैन ।

'यस विषयमा पटक-पटक स्थानीय तहसँग बहस र छलफल गरिसकेको बताउँदै उनले भने- 'जिल्लाका केही स्थानीय तहले जटिल समस्याकाबीच पनि विवाह दर्ता गरिरहेका छन्, तर भद्रपुर नगरपालिकाले चाहिँ गर्न मानेन ।' 'कानूनले अदालतबाट विवाह दर्ता गरेर आइज भन्छ, अदालतले सामाजिक परम्परा अनुसार विवाह भइसकेकालाई पुनः विवाह गर्न नमिल्ने भन्दै फर्काउँछ'- उनले भने ।

'अदालतमा विवाह दर्ताका लागि जाँदा महिला र पुरुष दुवै अविवाहित हुनुपर्छ र विदेशी नागरिकसँग विवाह गर्दा त्यही देशको राजदूतावास वा महावाणिज्य दूतावासबाट वैवाहिक सम्बन्धी आधिकारिक पत्र ल्याउनुपर्ने नियम छ'- उनले भने- 'विवाह गरी सकेका दम्पत्तीले पुनः विवाहका लागि अदालत जानुपर्ने कानूनी जटिलता देख्यो, भारतीय महिलाको हकमा यस्तो

(बाँकी अन्तिम पृष्ठमा)

## माघ १२ गते राष्ट्रियसभा निर्वाचन

**झापा, मंसीर ३।** सरकारले आगामी माघ १२ गते राष्ट्रियसभा निर्वाचन गर्ने निर्णय गरेको छ ।

सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शुक्रबार मन्त्रिपरिषद बैठकका निर्णय सार्वजनिक गर्दै राष्ट्रियसभा निर्वाचनको मिति तोक्ने निर्णय गरिएको जानकारी दिएका हुन् ।

सरकारले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको पक्ष राष्ट्रहरुको इजिप्टमा हुने नवौं सम्मेलनमा भाग लिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई नेतृत्वको प्रतिनिधिमण्डललाई पठाउने प्रस्ताव पनि स्वीकृत गरेको छ । त्यसैगरी नायव महालेखा परीक्षकमा बाबुराम सुवेदी, सहमहालेखा नियन्त्रकमा उमाकान्त आचार्य, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको पार्षदमा बैकुण्ठबहादुर अधिकारीलाई मनोनयन गर्ने निर्णय गरिएको प्रवक्ता कार्कीले जानकारी दिए ।

बैठकले एशियाली विकास बैंकबाट प्राप्त हुने थप सहुलियतपूर्ण ऋण सहायता अमेरिकी डलर ६० मिलियन स्वीकार गर्ने, नेपाल स्वास्थ्य सेवाको अधिकृत १२औं तहमा डा. श्यामसुन्दर यादव, भीमसिंह तिङ्री र डा. गुणराज लोहनीलाई बढुवा गर्ने निर्णय गरेको प्रवक्ता कार्कीले बताए । बैठकले पशु कल्याण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गरेको छ ।

## पत्रकार उपचार कोषलाई ढकालको सहयोग



**झापा, मंसीर ३।** झापाली पत्रकार नरेन्द्र ढकालले नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको 'पत्रकार सहारा उपचार कोष' मा २५ हजार २५ रुपैयाँ प्रदान गरेका छन् ।

आफ्नो जन्मोत्सवको उपलक्षयमा पूर्वाञ्चलको अनलाइन शाखाका समाचार संयोजक ढकालले उपचार कोषका लागि उक्त रकम प्रदान गरेका हुन् । झापाली सञ्चारकर्मीहरुकै हितका निमित्त स्थापित कोषमा रकम प्रदान गर्न पाएकोमा पत्रकार ढकालले खुशी व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ झापाका कार्यवाहक अध्यक्ष केशव

(बाँकी अन्तिम पृष्ठमा)

नेपाली कांग्रेस १४औं महाधिवेशन

## प्रदेशसभा क्षेत्रको निर्वाचन सम्पन्न, सभापति चयनमा भने रस्साकस्सी

**झापा, मंसीर ३।** प्रदेशसभा र क्षेत्रस्तरीय निर्वाचन शुक्रवार झापाको १० वटै प्रदेश निर्वाचन क्षेत्रमा सम्पन्न भएको छ ।

हरेक क्षेत्रमा क र ख गरी दुई सभापति र पदाधिकारीको चयन यही निर्वाचनले गर्नेछ । निर्वाचन क्षेत्र नं. ४ को प्रदेश 'क' क्षेत्रको सभापति पदमा विनोद ढकाल निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ । सोही निर्वाचन क्षेत्रको प्रदेश 'ख' मा उपसभापतिद्वय रोहित खवास र छत्र पाण्डे र सचिवद्वयमा डिल्लीराम घोर्साई र बेदनिधि अधिकारी निर्विरोध निर्वाचित भएका छन् ।

राजनीतिक दृष्टिले महत्वपूर्ण मानिएको झापामा नेपाली कांग्रेसको सभापति पदमा भने दुई जनाबीच प्रतिस्पर्धा हुने निश्चित भएको छ ।

अझ २०७२ साल फागुन २५ गते गरिएको ९ बुँदे लिखित सहमतिलाई लिएर नेपाली कांग्रेसका पूर्व महामन्त्री समेत रहेका कृष्णप्रसाद सिटौला पक्षधर र पार्टी प्रवक्ता विश्वप्रकाश शर्मा पक्षधर कांग्रेस कार्यकर्ता बीच रस्साकस्सी बढ्दै गएको छ ।

नेता सिटौलाको समर्थनमा देउकुमार थेवे र प्रवक्ता शर्माको समर्थनमा राम कट्टेल सभापति पदका लागि लड्ने प्रायः निश्चित भएसंगै झापा कांग्रेसमा पनि सभापतिभित्र गुट-उपगुटको खेल शुरु भएको छ । १३औं महाअधिवेशनका समयमा गरिएको सहमतिको विषय अहिले झापा कांग्रेसमा चर्चा छ । सिटौला पक्षधर नेता तथा कार्यकर्ताले १४ महाधिवेशनमा देउकुमार थेवेलाई पार्टी सभापति बनाउने भद्र सहमति गरेको भन्दै कुनै हालतमा नछाड्ने अडान राखेका छन् ।

यी दुई उम्मेदवार मात्र हैन, झापामा यसपटक सभापतिमा अन्य चारजनाको नाम पनि चर्चामा छ । सबै आकांक्षीले सभापतिमा उम्मेदवार दिए अहिले पनि झापाको सभापति को बन्छ ? भन्न गाह्रो छ । शर्मा पक्षधर कांग्रेसका नेता तथा कार्यकर्ताले भने भद्र सहमतिको बिषमा अनभिज्ञता प्रकट गर्दै

(बाँकी अन्तिम पृष्ठमा)

## संघीय लिम्बूवान मञ्च नेपालमा नगेन्द्र



अध्यक्ष राई

**झापा, मंसीर ३।** संघीय लिम्बुवान मञ्च नेपाल झापाको छैठौ अधिवेशनले अध्यक्षमा नगेन्द्र राईलाई सर्वसम्मत चयन गरेको छ ।

६१ सदस्यीय जिल्ला समिति रहने समितिको वरिष्ठ उपाध्यक्षमा अमित खम्बू, उपाध्यक्षमा राजा आङ्थुपो, बबिता राई, नारायण तामाङ, प्रेम थेबे र करण योङ्हाङ सर्वसम्मत चयन भएका छन् ।

त्यस्तै सचिवमा तीर्थराज पौडेल, बिकास ठाडामगर र कृष्णबहादुर सेन्दाङ चयन भएका छन् । सचिवालय सदस्यहरुमा ३६ जना सर्वसम्मत चयन

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

**जलेश्वर ट्रेडर्स**

ISO: 9001: 2015 CERTIFIED COMPANY

भद्रपुर रोड, बिजुली अफिस दक्षिण, बिर्तामोड, झापा

सम्पर्क नं.
9852671114
9807971114



अन्तर्राष्ट्रिय गुणस्तरको नेपालमै बनेको आकर्षक तथा मजबुत Super Market Department Racks चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।

**शेयरधनीहरूका लागि जारी गरिएको सूचना**

यो कम्पनीको कारोबार सञ्चालनका लागि थप रकम आवश्यक परेको हुँदा कम्पनीमा संस्थापक समूहतर्फको मौज्दात शेयर विक्री गर्नका लागि हाल कायम इच्छुक शेयरधनीहरुलाई मौज्दात शेयरका लागि ३० दिनभित्र शेयर रकमसहित आवेदन दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

साथै ३० दिनभित्र रकमसहित आवेदन नदिएमा शेयरधनी बाहेक अन्यलाई शेयर विक्री गरिने कुरा जानकारीका लागि सञ्चालक समितिको निर्णय बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**कनकाई बिर्ता-अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोर मैला व्यवस्थापन कम्पनी लि.**

कनकाई नगरपालिका-१, झापा

## विवाह ...

कानूनलाई तत्काल संशोधन गर्नुपर्ने हुन्छ ।' यस्तो कानूनले नेपाल र भारतबीचको सुमधुर सम्बन्धलाई पनि असर पारिरहेको उनको भनाइ छ ।

**कानून संशोधनका लागि पठाएको फाइल फिर्ता आयो : निर्देशक भट्टराई**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक विनीता भट्टराईले मुलुकमा नयाँ कानूनी व्यवस्था लागू भएपछि विदेशी नागरिकसँग नेपाली नागरिकले विवाह गर्दा विवाह दर्तामा केही समस्या उत्पन्न भएको बताइन् । उनका अनुसार नयाँ मुलुकी देवानी (संहिता) ऐन र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावलीको विवाह दर्ता सम्बन्धी व्यवस्थामा विदेशी भन्ने बित्तिकै भारतीय नागरिक पनि पर्छन् । भारतीय युवतीसँग विवाह गरेको नेपाली पुरुषको हकमा स्थानीय तहलाई कुनै अधिकार दिएको छैन ।

अदालतबाटै विवाह दर्ता गर्नुपर्ने कानूनमै प्रष्ट उल्लेख गरिएको उनले बताइन् । 'केही जिल्लाका अदालतहरूले विवाह दर्ता गरिरहेका छन्, भने केही जिल्लाका अदालतहरूले विवाह दर्ता नगरेको समस्या पनि छ'- उनले भनिन्- 'भारतीय युवतीसँग विवाह गरेका नेपाली पुरुषले विवाह दर्ता गर्न नपाएको भन्दै स्थानीय तहहरूबाट विभागमा गुनासाहरू आइरहेका छन्, सोही गुनासाहरूलाई आधार मानेर विभागले कानून संशोधनका लागि गृह मन्त्रालयमा फाइल समेत पठाएको थियो ।' 'गृह मन्त्रालयले सो फाइल कानून मन्त्रालय पठायो, कानून मन्त्रालयले समय अनुकूल नभएको भन्दै फाइल संशोधन नगरी फिर्ता पठाइदिएको छ'- उनले भनिन् ।

## संघीय ...

भएका छन् ।

सचिवालय सदस्यहरुमा रामवहादुर लिम्बू, दयासागर आचार्य, प्रेमकुमार लिम्बू, दलकुमार सेर्मा, बीएम् लक्सम्वा, सुभान सिंह लिम्बू, जयप्रकाश धिमाल, सुशील राई रहेका छन् । त्यस्तै वृद्धिवीर गुरुङ, ललित तुम्रुक, प्रदीप राई, खड्ग बोखिम, टेकबहादुर तुम्सा, चन्द्रकला नेयुङ, मेधराज इधिङ्गो, राम राई, जमन चेम्जोङ, अर्जुन लावती, टीकाराम योङ्हाङ, दिनेश सिवा, मानवहादुर फियाक, चक्र खेवा, चन्द्र साम्सोहाङ, लाखबहादुर लिम्बू र जहरमान फागो रहेका छन् ।

समितिको पहिलो वैठकले अन्य सदस्यहरु मनोनित गर्ने पार्टीका निबर्तमान अध्यक्ष धनबहादुर पन्धाकले जानकारी दिए । समितिको पहिलो बैठकले सदस्य मध्येबाट कोषाध्यक्ष चयन गर्ने बताइएको छ । त्यसैगरी अधिबेशनले केन्द्रीय सचिवालय सदस्यमा धनबहादुर पन्धाक र केन्द्रीय सदस्यमा ज्वाला इम्बुङ र राजकुमार फागोलाई सर्वसम्मत चयन गरेको जनाइएको छ ।

पार्टीले विकृति, विसङ्गतिविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने, भ्रष्टाचार तथा कालाबजारीविरुद्ध कार्यक्रम गर्ने, प्राकृतिक सम्पदाको संरक्षण गर्ने मुख्य एजेण्डा अघि सारेको नवनिर्वाचित अध्यक्ष राईले बताए ।

## प्रदेशसभा ...

सिटौला हावी हुन खोजेको आरोप लगाएका छन् । पार्टीका जिल्ला सभापति उद्धव थापा र पूर्व मन्त्री समेत रहेका केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले १३औं महाधिवेशनमा नै देउकुमार थेवेलाई सभापति बनाउने भद्र सहमति भएको भन्दै सहमतिको पक्षमा वकालत गरिरहेका छन् ।

पार्टीको जिल्ला सभापतिको उम्मेद्वार बनेका थेवे १२औं महाधिवेशनमा उपसभापति थिए भने कट्टेल पार्टीको हाल उपसभापति छन् । आठ नगरपालिका सहित १५ स्थानीय तह रहेको झापामा १ सय ३१ वडा छन् । यसअघि भएको अधिवेशनबाट तीन हजार तीन सय ४७ जना क्षेत्रीय प्रतिनिधि चयन भएका छन् । सिटौला र शर्माभित्रको तीव्र विवाद नियाल्दा झापा कांग्रेसभित्रको यो रस्साकस्सीको गाँठो त्यति सजिलै फुस्किनेवाला देखिँदैन ।

## पत्रकार ...

भट्टराई, नेपाल पत्रकार महासंघ प्रदेश नम्वर १का सदस्य सुरेन्द्र भण्डारी, समाजवादी प्रेस संगठनका नेता अनिलदेव राईलाई पत्रकार ढकालले उक्त रकम हस्तान्तरण गरेका थिए ।

पत्रकार उपचार कोषमा हालसम्म ४७ लाख रुपैयाँ जम्मा भइसकेको जनाउँदै महासंघ झापाका कार्यवाहक अध्यक्ष भट्टराईले कोषको रकम एक करोड रुपैयाँ पुर्‍याउने बताए ।

सञ्चारकर्मीसँगै अन्यदाताहरुले समेत यो कोषमा रकम जम्मा गर्दै आएका छन् । अक्षयकोषका रुपमा रहेको यो रकमको व्याजबाट पत्रकारहरु घाइते वा बिरामी भएमा उपचार खर्च दिइँदै आएको छ ।

पत्रकार महासंघ झापाले कोषको रकम बृद्धिका निमित्त सम्बद्ध सञ्चारकर्मी र लब्धप्रतिष्ठित व्यक्तिहरुमा विशेष आग्रह समेत गरेको छ ।


## श्री जनता माध्यमिक विद्यालय
**अर्जुनधारा-३, खुदुनावारी, झापाको**

# शिक्षक आवश्यकता

शिक्षक विकास तथा समन्वय एकाई झापाको च.नं. ५१९ मिति २०७८।०८।०२ को अनुमति पत्र तथा यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०७८।०८।०३को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्रा. तृतीय श्रेणीको शिक्षक पदमा करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ ।

१) विज्ञापन नं. ०१ (०७७/०७८) प्रा.तृ. शिक्षक
२) संख्या: १ जना
३) तह: प्राथमिक तह तृतीय श्रेणी
४) सेवाको किसिम: करार
५) न्यूनतम् शैक्षिक योग्यता: प्रमाणपत्र तह वा सो सरह र तालिम प्राप्त (उच्च योग्यता र अंग्रेजी भाषामा दक्ष भएकालाई विशेष प्राथमिकता दिइनेछ ।)
६) उमेर: १८ बर्ष पूरा गरी ४० बर्ष ननाघेको ।
७) तलब: स्केल: नेपाल सरकारले तोके बमोजिम हुनेछ ।
८) स्थायी अध्यापन अनुमति पत्र भएको ।
९) परीक्षाको किसिम: लिखित र मौखिक
११) दरखास्त दिने अन्तिम मिति:
क) करार सूचीमा नाम भएको उम्मेदवारका हकमा २०७८।०८।०३ देखि २०७८।०८।१७ गते विद्यालय समय सम्म
ख) उक्त मिति भित्र करार सूचीमा नाम भएको उम्मेदवारहरुको आवेदन नपरेमा खुल्ला प्रतिस्पर्धाको लागि २०७८।०८।१८ देखि २०७८।०८।२४ गते दिनको १ बजेसम्म
१२) सम्पर्क मिति: २०७८।०८।२४ गते १ बजेदेखि विद्यालय समयभित्र ।
१३) परीक्षा मिति र परीक्षा केन्द्र: सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१४) पाठ्यक्रम: शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।
१५) रीत नपुगेका निवेदन उपर कुनै कार्वाही हुने छैन । आवेदन स्वत: रद्द हुनेछ ।
१६) निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:
क) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि थान- २/२
ख) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि थान - २
ग) नेपाली नागरिकताको प्रतिलिपि थान- २

उपयुक्त बमोजिमको योग्यता भएका इच्छुक उम्मेदवारले दरखास्त फारामका साथमा उल्लेखित कागजातहरु फायलमा संलग्न राखी पेश गर्नुपर्नेछ ।

नोट: आवेदन दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा विद्यालय खुलेको पहिलो दिनलाई अन्तिम मिति मानिनेछ ।

**सम्पर्क: ९८४२६९५०४१**

**जयप्रकाश भण्डारी**
**प्रधानाध्यापक**



# अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा
# VARANNYA HEALTHCARE AT HOME

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**

*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाईं सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं ।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं ।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं ।

**उपलबध हुने सेवाहरू**
- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

**तपाईंहरुको सेवामा समर्पित**

## वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.
**बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)**

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरुद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं ।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ । यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा ।

*रिपोर्ट पोजेटिभ आए :*
होम आइसोलेसन प्याकेज अन्तर्गत :
- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा ।

**Post-Covid Management**
कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा
- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052


## अर्जुनधारा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

साविक शनिश्चरे गाविस वडा नं. ६ बस्ने श्री बालदास सापकोटाले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ श्री गोपाल भण्डारी
२) पश्चिमतर्फ श्री पुष्पा धमला (तिरुवा)
३) उत्तरतर्फ श्री पुष्प बराल
४) दक्षिणतर्फ बाटो

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-०६ | ३५३०, ३५३२ | ०-०-११.२५<br>०-०-१.७५ | | २०७८।०७।२९ | २०७८।०८।०३ |

## अर्जुनधारा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

साविक शनिश्चरे गाविस वडा नं. ११ बस्ने श्री किशोरकुमार सुनुवारले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ बाटो
२) पश्चिमतर्फ बाटो
३) उत्तर तर्फ श्री दिपक श्रेष्ठ
४) दक्षिणतर्फ श्री रोमबहादुर मगर

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-११ | ११०१, १०९९ | ०-०-५.५०<br>०-०-६.७५ | | २०७८।०७।२९ | २०७८।०८।०३ |


# बिर्ता (सेफ्टी तथा ढल सफाई)
**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


**यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झर्‍यो नियतीले, संहार भो नष्ट भो ।।**
**हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीबाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।**

# भावपूर्ण श्रद्धाञ्जली/निमन्त्रणा



**जन्म**
**मिति: २०१८ पुस २७**
**(१० जनवरी १९६२)**

**स्व. नारायण लाल शर्मा**

**स्वर्गारोहण**
**वि.सं. २०७८ मंसीर १**
**(१७ नोभेम्बर २०२१)**

हाम्रा आदरणीय पति/बुबा/दाजु/काका **नारायण लाल शर्मा**को यही मिति २०७८ मंसीर १ गते (१७ नोभेम्बर २०२१)का भएको देहावसानले हामी अत्यन्त मर्माहत एवम् भावविव्हल भएका छौं । शोकको यस घडीमा गतात्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । **साथै यही मिति २०७८ मंसीर ६ गते (२२ नोभेम्बर २०२१ सोमवार) का दिन हुने नियमित बैठकमा उपस्थितिका लागि सबै बन्धुबान्धव, कुलकुटुम्ब, आफन्तजन, मलामीजनहरुमा हार्दिक निमन्त्रणा गर्दछौं ।**

**श्रीमती: सन्तोष देवी शर्मा**
**छोराबुहारीहरु: राहुल शर्मा-पिंकी शर्मा**
**रोहित शर्मा**

**दाजुहरु: वेदप्रकाश शर्मा, दिनेश शर्मा**
**भतिजहरु: सीताराम, मुकेश, लोकेश, विकास,**
**बिनोद, सुजित, रामस्वरुप, मनिस र ललित शर्मा**

**एवम् सीताराम राकेश कुमार बिर्तामोड परिवार**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक [redacted] ६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी [redacted] क : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा [redacted] कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

# मानापाथी हिमालबाट हिउँ पोखिए अनि उसैगरी हाम्रा जीउने आशाहरु पनि पोखिए



भुवन तामाङ

मुस्ताङमा अवस्थित मानापाथी हिमालका हिउँ केही दिनअघि पोखिए। माना र पाथीबाट अन्न पोखिए जसरी सेताम्य हिउँहरु सेता सेता सुन्दर बादल उडाउँदै पोखिए। अनि मानापाथी हिमालको शोभा हरायो। कति नरमाइलो भयो। भन्दै थिए मानापाथी हिमालको काखमा रहेका गाउँका बासिन्दाहरु 'मानापाथी हिमालबाट हिउँ पोखिए अनि उसैगरी हाम्रा जीउने आशाहरु पनि पोखिए।'

हिमाल र हिउँबाटै विश्वमा नेपालको चिनारी हुने गर्दछ। वर्षेनि लाखौं पर्यटक, पदयात्री र हिमाल आरोही नेपाल आउने गर्दछन्। हिँउ र हिमालको दृष्यवालोकन, हिउँमा लडिबुडि गर्नेदेखि विभिन्न हिमाल आरोहण गर्दछन्। जसबाट नेपाल राष्ट्रलाई थुप्रै विदेशी मुद्रा आर्जन हुने गर्दछन् र धेरै-धेरै नेपालीले उद्यम र रोजगारी पाउने गर्दछन्। हिमाल र हिउँ नेपाल र नेपालीका लागि बरदान हुन्।

तर, अब हिउँहरु हिमालमा अडिन छाडे। हिउँलाई पहाड या तराई या मानिसका बस्ती या समुद्र मन पर्न थालेको छ। पानी भएर सलल बग्न मन पर्न थालेको छ। यो मन पराई हिउँ आफ्नै कारणले भने पक्कै होइन। मानिसहरुका गलत क्रियाकलापहरुले गर्दा हिउँ हिमालमा अडिन नसक्ने भएका हुन्। बासस्थानमा खलल पुगेपछि हिउँहरु आतंकिन हुन थालेका छन् र आत्तिँदै हिमालबाट तलतिर कुद्न थालेका छन्। हिउँले बाँच्नका लागि स्वरुप बदल्न थालेको छ।

मानिसहरुले जे पनि गतिविधि गरिरहन पाउने अनि हिउँहरुले चाहिँ चुपचाप गजधुम्म परेर सहेर बसिरहनुपर्ने ? अब यो हुन सक्दैन। अब सहन सकिन्न भनेर नै हिउँहरुले विद्रोह शुरु गरेका हुन्। अनि वर्षेनि हिउँहरु मन चाहिँ पग्लेर बग्न, पहिरो बनेर, पानी बनेर गड्गडाउँदै ओरालो झर्न थालेका हुन्।

**जलवायु परिवर्तनले हिउँ पोखिए :** जानकारहरुले मुस्ताङको मानापाथी हिमालबाट पोखिएको हिमपहिरो प्रकृति हेर्दा जलवायु परिवर्तनका कारणले गएको हुनसक्ने अनुमान लगाएका छन्। अध्ययनहरुले, हिमआँधी या तीव्र हावा, धेरै हिमपात, कमजोर ठाउँ हिमपहिरोका कारण रहेका बताएका छन्। तर, मानापाथी हिमालबाट खसेको हिमपहिरो शान्त अवस्थामै खसेको छ। यसले के जनाउँदछ भने बरु जलवायु परिवर्तन भई तापमान बढेर हिउँ खुकुलो भएर अडिन नसक्दा हिमपहिरो गएको देखिन्छ। खासगरी पृथ्वीको तापमान बढेमा हिमपहिरो कुनै पनि बेला जान सक्ने देखिएको छ। नेपालमा पछिल्लो एक शताब्दीको अवधिमा ६० वटा ठूला हिमपहिरो गएको पाइएको छ। अध्ययनहरुले पृथ्वीको तापमान बढेर पछिल्ला दशकहरुमा हिमपहिरोको जोखिम बढेको निष्कर्ष देखाएका छन्। जलवायु परिवर्तन र पृथ्वीको तापमान वृद्धि कार्बन उत्सर्जनले हुने गर्दछन्।



**व्यक्तिले कति कार्वन उत्सर्जन गर्दछन् ?**

वल्डोमिटरले सन् २०१६ मा उल्लेख गरे अनुसार भारतमा प्रति व्यक्ति वार्षिक १.९१ टन, अमेरिकामा १५.५२ टन, रुसमा ११.४ टन, क्यानाडामा १८.५८, अष्ट्रेलियामा १७.१०, युनाइटेड अरब इमिरेट्समा २३.३७, चीनमा ७.३८ र नेपालमा ०.२९ टन प्रति व्यक्ति कार्बन उत्सर्जनदर रहेको छ। यसको अर्थ मानिसले आफूबाट वातावरण, पर्यावरण या जलवायु बिगार्ने तत्व धेरै नै निकाल्दा रहेछन्। जसले गर्दा पृथ्वीको तापमान तीव्ररुपमा बढिरहेको छ र मानिसहरुले प्राकृतिक विपद् भोग्नु परिरहेको छ।

मानिसहरुले कसरी पृथ्वीको तापमान बढाइरहेका छन् ? अन्न र फलफूल उब्जाउन, खेतीपाती गर्न, खेतबारी मलिलो पार्न गाईवस्तुका मल र रसायन हाल्छौं। खेतमा पानी पटाएर हिलाम्य पार्छौं। झारपात, अन्नका अवशेषहरु कुहाँउछौं। सुख्खा मौसममा पराल, स्याउला जलाउँछौं। खोरिया र वनमा डढेलो लगाउँछौं। खाना पकाउन दाउरा, मट्टीतेल, ग्यास र हिटर बाल्छौं। रेफ्रिजिरेटर, एयरकन्डिसन चलाउँछौं। शहर बजारमा उपभोग्य सामानहरुका खोलहरु, प्लाष्टिक, थर्मकोल र कुटहरु जलाउँछौं। होटल, अस्पताल, वर्कसपहरुका फोहर फाल्छौं। ठूला शहरका व्यापक फोहर ल्याण्डफिल्ड साईटमा जलाउँछौं, कुहाउँछौं। यात्रा गर्दा विभिन्न किसिमका सवारीसाधन र हवाईजहाज प्रयोग गर्छौं। सामान ओसार्न ट्याक्टर, ट्रक, लरी आदि प्रयोग गर्छौं। खेत जोत्न ट्याक्टर, अन्न उठाउन मेसिन प्रयोग गर्छौं। समुद्रमा जहाजमा इन्धन प्रयोग गर्दछौं। रकेट, मिसाइल, बन्दुक, युद्धक विमानदेखि धेरै युद्धक हतियार परीक्षण गर्दछौं। युद्ध गर्दछौं। विभिन्न चाड, उत्सवमा आतसबाजी गर्दछौं। यी सब गतिबिधिले जलवायु परिवर्तन गर्ने पृथ्वी तताउने तत्व उत्सर्जन हुने गर्दछन्।

**जति विकास उति नै बिनास :** औद्योगिक कार्यका लागि ऊर्जा या इन्धनको रुपमा कोइला, डिजेल, ग्यास आदि प्रयोग हुन्छन्। उद्योगहरुले थुप्रै केमिकल र फोहर यत्रतत्र फ्याँक्दछन्। विद्युत उत्पादनका लागि पनि कोइला र डिजेल प्रयोग हुने गर्दछन्। राजमार्ग, पुल, बाँध आदि निर्माण र खानीमा भारीभरकम डोजरहरु चलाइन्छन्, बिस्फोट गरिन्छन्। यी सब गतिविधिले धेरै रुख काटिन्छन्। मौजुदा राम्रो वातावरण बिग्रिरहेका हुन्छन्। त्यस्तै गरि विद्युतीय या इलेक्ट्रोनिक्स सामान, उपकरण उत्पादन, तिनको प्रयोग र कम्प्युटर, टेलिभिजनसेट, रेडियोसेट, मोबाइलसेट, मोटर लगायत कुनै पनि सामानमा प्रयुक्त हुने माइक्रो चिप उत्पादन प्रक्रिया र प्रयोगले पनि जलवायु परिवर्तन गर्ने तत्व व्यापक मात्रामा उत्सर्जन भइहेका हुन्छन्। यतिमात्र होइन हामीले धेरै क्रियाकलापबाट समुद्र, जमिनदेखि आकाश र अन्तरीक्षसम्म समेतमा प्रदुषण गरिरहेका हुन्छौं। जसले गर्दा हरदम पृथ्वीको वातावरण, पर्यावरण र जलवायु प्रदुषण भइरहेको हुन्छ। अनि पृथ्वी तात्ने क्रम बढिरहेको हुन्छ।

**जलवायु परिवर्तन रोक्ने विश्वको उद्घोष :** केही हप्ताअघि ग्लासगोमा सम्पन्न जलवायु परिवर्तन शिखर सम्मेलन (कोप २६)मा सहभागी अधिकांश देशहरुले सन् २०५० सम्ममा कार्बन उत्सर्जन कार्यलाई नेट जिरोमा झार्ने प्रतिबद्धता जनाएका छन्। तर, भारतले भने सन् २०७० सम्ममा मात्र सो लक्ष्य प्राप्त गर्ने योजना सुनाएको छ। यसबाट के बुझ्न जरुरी छ भने भारतबाट हुने उच्चदरको कार्बन उत्सर्जनले नजिक भएका कारण नेपालमा धेरै नै असर पर्दछ। त्यस्तै गरी चीनबाट हुने कार्बन उत्सर्जनले पनि नेपालमा त्यतिकै असर पर्ने देखिन्छ। चीनले सन् २०६० सम्ममा कार्बन उत्सर्जन नेट जिरोमा झार्ने लक्ष्य लिएको छ। छिमेकी ठूला देशका कारण पनि नेपालमा हिमपहिरो लगायत जलवायु परिवर्तनले सिर्जना गर्ने थुप्रै प्राकृतिक विपद् निम्तिने देखिन्छ।

**नेट जिरोको अर्थ :** कार्बन डाइअक्साइड उत्सर्जन कार्यलाई सम्पूर्णरुपमा खत्तम गर्नु हो। जसले पृथ्वीको वायुमण्डल तातो पार्ने तत्व या ग्यास उत्सर्जन अरु नबढुन्।

**विश्वका दुई ठूला अर्थतन्त्रको प्रतिबद्धता :** हालैमात्र सम्पन्न भएको अमेरिका र चीनका राष्ट्रपतिबीचको भर्चुअल वार्ताका क्रममा दुबै नेताले क्लाइमेट चेन्ज सम्बन्धमा मिलेर काम गर्ने प्रतिबद्धता जनाएका छन्। यो, विश्व समुदायका लागि निकै सुखद् समाचार हो।

**जलवायु परिवर्तन र पृथ्वीको बढ्दो तापक्रम रोक्ने उपाय :**

कार्बन उत्सर्जन गर्ने कुनै पनि क्रियाकलाप, प्रक्रिया निश्चित मात्रामा घटाउनुका साथै नवीकरणीय ऊर्जा प्रणाली विकास र प्रयोग बढाउनु पर्दछ। व्यापक मात्रामा जंगल, रुखहरु संरक्षण गर्नुपर्दछ र व्यापकरुपमा वृक्षरोपण गर्नु पर्दछ। जसले गर्दा जति कार्बन उत्सर्जन हुन्छन्। ती सबै कार्बन हरिया जंगल, रुख बिरुवाले सोस्ने छन्। यस प्रक्रियामा धनी मुलकदेखि गरीब मुलुकसम्मले उत्तिकै व्यवहार परिवर्तन गर्नुपर्दछ। व्यक्तिहरुले व्यवहार परिवर्तन गर्नुपर्दछ। तब मात्र प्राकृतिक विपद्बाट मानव जाति जोगिन सक्नेछन् र हामीले हाम्रा सन्ततिलाई सुरक्षित पृथ्वी छाड्न सक्नेछौं। नत्र त मुस्ताङका जनताले भने जस्तै हाम्रा जीउने आशाहरु हिउँ पोखिए जस्तै पोखिएर जानेछन्।

लघु कथा

# बैभव



तुलसीराम खरेल

कुनै बेला सम्पत्ति टन्न हुने हो भने त खुब सुख होला भन्ने लागेको थियो। आसाम, भोटाङ, सिक्किम, दार्जीलिङ, पहाड, तराई गर्दै तीन कोरी बर्ष बितेको पत्तै भएन उमेशलाई। आलु, अलैंची, सब्जी व्यापारदेखि ताप्लेजुङमा वस्तुपालन सबै भ्याए उमेशले। झापाको फाँटिलो जमिनको धानखेती रहरलाग्दो बनाएकै हो। सम्पत्ति मनग्ये कमाई भयो। गाउँ र सहर दुबैतिर घरपनी बनाउन भ्याए उनले। छोराछोरीहरु आफ्ना क्षेत्रमा राम्रै गरी खाएर बसेका थिए उनका। घरमा सानो चारचक्के गाडी, दुईचक्के मोटरसाइकल, बयलगाडी, खेत जोत्ने टेक्टर सबैको ब्यवस्था थियो।


बिहानै चार नबज्दै निद्राले छोडिहाल्थ्यो। उठेर यता-उता गर्ने, योग प्रणायाम गर्ने गर्दै सात बजेको पत्तै हुन्नथ्यो। मनमा पटक्कै चयन थिएन। त्यत्रो सम्पत्ति, छोराछोरी आआफु ब्यस्त कसैले धेरै चासो र खोजी नगर्ने। एकदिन छिमेकीको घरमा परेको मरिमराउमा गढुर पूराण सुने उनले। छोराछोरी जन्माएर सुख नहुने प्रसङ्ग आयो त्यो दिन। उनको मुटु चसक्क घोच्यो त्यो कुरोले। जीवनभर आध्यात्मिक कुराहरुको खोजी नगरेका उमेश त्यतातिर तानिन थाले। जीवनमा केवल सम्पत्तिको पछि कुदेको मिथ्या प्रतीत हुन थाल्यो उनलाई। सत्सङ्गतर्फ पटक्कै ध्यान नदिने आफ्नो बानी गलत पो रहेछ कि भनेर एउटा प्रश्नले झट्टी हान्यो उनलाई।

भागदौडमा होइन, स्थिर र शान्त मनमा आनन्द देख्नथाले उनले। उनको मन क्रमशः को साधनापछि स्थिर र शान्त बन्न थाल्यो। शिवपुरी बाबाका एक भक्तले बाबाको प्रसङ्ग कोट्याउँदै भने- 'सन्सारमा बाहुन्न लात्ती र त्रिपन्न मुक्का नखाई उत्पन्न बैराग्यको अर्थ हुँदैन।' यस कुराले उनको चित्त बुझ्यो, यो भनाइ आफ्नै लागि हो भन्ने लाग्यो उनलाई। उनले केही हप्ता ध्यानकेन्द्रमा बिताउने गर्दथे प्रत्येक बर्ष। सन्त रामसागरले एकदिन भने- 'बाबु, जति बढी मनको गति त्यति कम सुख, जति कम मनको गति त्यति नै बढी सुख।'

मनको गति र सुखीपन एकआपसमा ब्यूनक्रमानुपातिक सम्बन्धमा गाँजिएर रहेको रहस्य राम्ररी बुझे उनले। उनले सन्सारलाई बाहिरी होइन भित्री आँखाबाट सूक्ष्म निरीक्षण गर्न थाले। उनको आफूभित्रको फराकिला आयामहरु बुझ्न थालेपछि उनमा आत्मिक सुख प्राप्त हुन थाल्यो। बाहिरी धन, सम्पत्ति, गाडी घोडाभन्दा भित्रको निधिले उनलाई अचम्मको शान्ति र आनन्द दिन थाल्यो। बल्ल उनले सुखी बन्ने र आनन्दित हुने बैभव प्राप्त गरेको अनुभव गरे।

कथा

# एक अपूर्ण जीवन



राम घिमिरे

*क्रमागत...*

कौशल अरुको कुरा सुन्दैन बुद्धिजीवीका अर्ति उपदेश मान्दैन व्यापारको बारेमा उसलाई केही थाह छैन। असल मानिसको संगत गर्दैन। काम गर्न खोज्छ, तर सफल हुँदैन। पहिलो कुरा उसले पिउन छाड्नुपर्छ। दोस्रो असल बुद्धिजीवीको संगत गर्नुपर्छ। ठूलालाई आदर र सानालाई माया गर्न सिक्नुपर्छ। आफू इमान्दार बन्न सक्नुपर्छ, सबैसँग मित्रताको भाव राख्न सक्नुपर्छ। सफल अवश्य हुइन्छ। यो कुरा कौशलले बुझेकै छैन। ऊ बुझ्न पनि चाहँदैन। त्यसैले ऊ सधैं असफल मात्र हुन्छ। पत्नी लक्ष्मी, छोरा देव, छोरा प्रेक्षा बाबुको त्यो चाला देखेर आजित भएका छन्। बाबुले केही गर्लान् भनेर बाटो हेर्दाहेर्दै सबै परिवारलाई मृगतृष्णा मात्र भएको छ।

उनीहरुले आफ्नो भविष्य अन्धकार हुने देखेका छन्। जेठो कालिका आफू अविवाहित भए पनि रातोदिन पैसाकै निम्ति मेहनत गर्दैछ। उसलाई खाने फुर्सद छैन, सुत्ने समय छैन। तर, माइलो भाइ कौशलको पहिलोपत्नी मरेपछि उसले कान्छी श्रीमती ल्याएको हो। पहिलो पट्टिको छोरा देव र छोरी प्रेक्षा हुन भने लक्ष्मीको पनि पहिलो लोग्ने पट्टिको एक छोरी उसकै मावलमा बस्छिन्। उसको बाबुको मृत्युपर्यन्त कौशलसँग आएकी हो। लक्ष्मी आफू सौतेनी आमा भएकाले अहिले सौतेनी आमाको व्यवहार गरेकी छ। उसले ती दुबै छोराछोरीका लागि कुनै पर्वाह राखेकी छैन। तिनीहरुलाई भने आफ्नो भविष्यको चिन्ता छ। छोराछोरीहरु अब ठूला भइसकेका छन्। छोरो देव १९ वर्ष र छोरी प्रेक्षा १७ वर्षकी भइन्। उनीहरुको भविष्यमा केही गरेर देखाउने चिन्ता छ। बाबुको चाला देखेर उनीहरु त्यो ठाउँबाट अन्तै गई आफ्नो नाम र दाम कमाउने अठोट लिएका छन्, तर अध्ययनका क्रममा भने दुबै जना माथि जान सकेनन्।

बाबुले समयमा पढाउन सोचेनन्। छोरा देवले १२ सम्मको अध्ययन र छोरी प्रेक्षाले दशौं कक्षा उर्त्तिण गर्न सकिन। वडाबाबुले त्यतिसम्म सहयोग गरे त्यसपछि उनीहरुको पढाइमा पूर्णविराम लाग्यो। छोरा देव आफ्नो गाउँघर छोडेर टाढा कतै गएर केही गर्ने निर्णय लियो। छोरी प्रेक्षा भने छोराको जस्तो स्वतन्त्र नभई दिनाले कसैको संरक्षणमा कही केही गर्दै होली आफ्ना बाबुलाई त्यसको चिन्ता छैन। जीवनमा यस्तो अपूर्ण जिन्दगी कसैको नहोस्। कान्छो भाइ सुबोधको विचार, नीतिनियम परिवारको कुनै सदस्यसँग मिल्दैन। घरको माहौल बिथालेलिएको देखेर सुबोध बैरागी जस्तो हुन्छ। उसले घरमा बस्न, खान छोडिसकेको छ।

ती तिनै भाइको नीतिनियम र विचारहरु पृथक थिए। जेठो कालिका पैसाको निम्ती धेरै परिश्रम गर्थ्यो। माइलो भाइ कौशल केही नगर्ने भएको सिध्याउने, कान्छो भाइ सुबोध भने दुबै दाजुहरुभन्दा पृथक थियो। रमेशको भेट सुबोधसँगभन्दा पहिला कालिकासँग भएको थियो। सुबोध केही गर्न खोज्ने तर सफल नहुने, प्रयासैप्रयासमा उसको दिन व्यतित भइरहेको थियो। सुबोध आफू भावुक रहने केही सोचिरहेको जस्तो तर कुनै कुराको टुंगोमा पुग्न नसक्ने, भाइको त्यस्तो चाला देखेर कालिकाले रमेशलाई आग्रह गर्छ- 'रमेश सर तपाईंसँग मेरो एउटा गोप्य कुरा छ।' रमेशले 'के होला भन्नुहोस् न' भन्यो। कालिका आफ्नो भाइ सुबोधको दिमागलाई केही परिवर्तन गराउन चाहन्थ्यो। 'उसलाई यस्तो काम दिनुपर्‍यो कि उसले त्यो कामको निम्ति निकै मेहनत गर्नुपरोस्। सुबोधको दिमागलाई अन्त जान नदिनका लागि अर्थात् परिवर्तन गराउन कामको बोझलाई अलि सकस बनाइ केन्द्रीत गराउने यो काम तपाईंबाट सम्भव छ।' भन्यो। जहिलेदेखि सुबोधसँग रमेशको भेट भयो। त्यसैबेलादेखि उसले रमेशलाई प्रश्नको प्रहार गर्न थाल्यो। जे प्रश्न गर्छ त्यसै जवाफ सुबोधलाई दिँदै जान्थ्यो र उसको चित्त पनि बुझ्दोरहेछ। फेरि त्यो प्रश्न उसले सोध्दैन थियो। कालिकाले रमेशलाई भनेको पनि थियो। 'उसको प्रश्नको जवाफ एकमात्र तपाईले दिन सक्नुहुन्छ। किनकि उसको मनोभाव रमेशले बुझेको थियो। तपाईं लेखक अनि पत्रकार पनि हो त्यसैले मेरो भाइले पक्कै पनि तपाईबाट सफलता पाउँछ भन्ने आशा मैले लिएको छु। त्यसैले मैले तपाईलाई भाइ जिम्मा लगाएँ मेरो निम्ति काम सोचेर गरिदिनुपर्‍यो सर।' रमेशले कालिकाको कुरालाई गम्भीरताका साथ लियो। एउटा बिग्रिएको मानिसलाई सुधार्न सके उसको धेरै ठूलो कल्याण हुने थियो।

रमेशले त्यो सोचेर कालिकालाई भन्यो- 'ठिकै छ भाइ उसलाई म भए ठाउँमा पठाइ दिनुहोला म सक्दो प्रयास गर्छु। उसलाई सुधार्न एक कामको जिम्मा दिनुपर्छ नत्र गाह्रो हुन्छ आफूले निगरानी राख्नुपर्छ।' सुबोध अन्य केटाहरुभन्दा अलग स्वभावको थियो। ऊ बिन्दास एक्लै बस्ने के-के सोचिरहने गर्थ्यो। सुबोधको पहिला एउटा विवाह भएको थियो रे यो कुरा सुबोधले रमेशलाई भनेको रहेछ। कुन्नी के भयो उसकी श्रीमतीले उसलाई छोडेर गइछ हुन सक्छ त्यस्तै घोत्लने बानीले होला धन्न जयजन्म चाहिँ भएनछ। त्यो पनि सुबोध अझ पागल जस्तो भयो। त्यस्तो मानिसलाई सुधार्न त्यति सजिलो भने थिएन। रमेशको संगतमा लागेपछि ऊ बिस्तारै सुध्रन थाल्यो।

रमेश एक बुज्रुक र बुद्धिजीवी सर्कलको मानिस थियो। सुबोधको हरेक प्रश्नको जवाफ रमेशले मात्र दिन सक्थ्यो। सुबोध बिहान-बेलुका मात्र नभएर चौबिसै घण्टा रमेशसँगको सम्पर्कमा रहन थाल्यो। सुबोधले रमेशलाई अनेकौं प्रश्नको बौछार गर्ने नै भयो। रमेशले पनि उसलाई सुधार्नका निम्ति उसका हरेक प्रश्नका जवाफ दिँदै गयो। उसको प्रश्नमा गहिरो भाव लुकेको हुन्थ्यो। तर, अरुहरुले उसलाई पागल जस्तो ग्रुप भन्थे र त्यति चासो दिँदैन थिए। यो उसको पागलपनको प्रश्न हो त्यसको जवाफ हामीसँग छैन भन्थे। त्यस्ता प्रश्नको जवाफ भने रमेशसँग मात्र थियो। उसका विविध शीर्षकमा अनेकौं प्रश्नहरु हुन्थे, उसको भनाइ जीवनमा सामाजिक सेवा पहिला र दोस्रो हरेक



नेपालीका लागि आफूले जीवन आहुती दिने अठोट गर्थ्यो। गोर्खालीहरु गोर्खाल्याण्डका लागि सदियौंदेखि लडेरै आए आज सात दशक बितिसक्दा पनि अझै सफल नहुनुको कारण के हो ? नेताहरु पैसामा बिके जनताले दुःख पाए। लडेर कयौंको ज्यान गयो, हजारौं व्यक्ति शहीद भएका छन्। आफ्नो धर्तीका निम्ति बलिदान दिए। विगतमा नेपाल भूमिमा रहेका मानिस आज भारतीय भइसकेका छन्।

यो ठाउँ हामी गोर्खालीको हो। हाम्रा संस्कृति र परम्परा हाम्रा पुर्खाहरुको थलो हामीलाई चाहिन्छ। यसको नामाकरण गोर्खालै नभई नेपाली नै हुनुपर्ने सुबोधको भनाइ थियो। हाम्रा दाजुभाइ, दिदीबहिनीहरु मरेर गए, आफ्ना भूमिका लागि राजनीतिक, सामाजिक न्यायका निम्ति लड्नेदेखि दाम्पत्य जीवनका वेदना र गरिबीका रेखामुनी रहेका नेपालीका निम्ति लड्न प्रवाह नराख्ने सुबोधको यस्ता कुराहरु सबैले यो उसको पागलपन हो भन्थे। रमेश भन्दै यस्तै प्रश्नहरुको उत्तरको प्रतिक्षामा रहन्थ्यो सुबोध उसलाई यस्तै उत्तरको खाँचो थियो। राजनीतिमा रमेशले पार्टीको झण्डा बोकेर कहिल्यै हिँडेन। तर, उसले कहिल्यै कलम चलाउन भने छाडेन। राजनीतिका लागि सुबोधले सोचेको थियो मेरो हरेक प्रश्नको जवाफ अबमात्र पाउँछु। उसमा विश्वास थियो। सुबोध मंगोलियन ऊ वैष्ण जातिमा पर्दथ्यो। तर, आफ्नो जाति, परम्परा, संस्कृतिको खण्डन गर्न हाम्रो समाजमा परम्परागत चलाउने जाँडरक्सीको उसले विरोध गर्दथ्यो। यो राम्रो भएन परम्परादेखि चली आएका यस्ता नियमलाई तोड्ने र ब्राम्हण जातिमा हुने संस्कृति र परम्परालाई मान्यता दिई मर्दापर्दा, जन्मँदा, विवाहवारीमा हुने नीतिनियमहरुको समर्थन गर्दथ्यो।

हाम्रो जातिमा हुने विवाहहरुमा पनि मादकपदार्थ मासुमंस नभै नहुने जो चलन छ त्यसको विरोध गर्छ सुबोध। हामीले पिउने कुराहरुमा सीमा नाघी सकेका छौं। हाम्रा वेद ग्रन्थहरुको अवलम्वन गर्दैनौं। हाम्रो परम्परा राम्रो भएन हाम्रो जाति कहिल्यै सुध्रने हो ? अब आउने पिँढीले यसलाई सुधार गर्दै जाउँ यस्तो मासुमंस र मादकपदार्थ पिउने परम्परालाई तोडौं। यसले दिमाग बिगारीसकेको छ। दिर्घकालीन रोग लाग्न नदिनका लागि पौष्टिकतत्व भएका अर्ग्यानिक आयुर्वेदिक औषधिको प्रयोग गरौं भन्ने सुबोधको भनाइ थियो।

हिजोआज रमेशले उसलाई केही समाजसेवाको काम दिएको छ। ऊ निरन्तर त्यसमा लागेर जनताको सेवा गर्न र आफ्नो बुद्धिको विकास गर्ने कटीबद्ध उसले गर्‍यो। ऊ गर्न खोज्ने व्यक्ति भए पनि कहीँबाट कसरी शुरु गर्ने भन्ने कुराको ज्ञान नभएकाले बाटो अलमलिएको थियो। तर, अब उसले सही बाटो भेट्यो। रमेश यस्तो व्यक्ति थियो। समाजसेवा, स्वास्थ्य शिक्षाका लागि गाउँ-गाउँमा गएर प्रचारप्रसार गर्ने स्वयम्सेवकको रुपमा काम गर्न व्यक्ति थियो। स्वास्थ्य सम्बन्धीको शिक्षा नपाई चिया बगानका काम गर्ने मजदुरहरुको अकालमा मृत्यु हुने गरिबीका कारण दिनभरि चिया बगानमा काम गर्दा उनीहरुको रोजी रोटीका लागि अपुग दैनिक ज्यालादारीमा काम गर्नुपर्ने।

कैयौं मजदुरहरुका छोराछोरीहरुमा शिक्षाको अभावका कारण अकालमा मृत्यु हुनेहरुको संख्यामा दिनानुदिन वृद्धि भइरहेको छ। उनीहरुको बस्ने खाने ठाउँ सो एरियाभित्र फोहोर र दुर्गन्धले गर्दा रोगले पीडित ती बालबालिकाहरुको अल्पायुमै मृत्यु हुने स्थिति देखेरै रमेशले यस्तो अभियान चालेको विविध कारणहरु मध्ये उनीहरुको मुख्य कारण मादकपदार्थको सेवनले गर्दा उनीहरुको केही पैसा बने पनि स्वास्थ्यमा हानीकारक वस्तु जस्तै मादकपदार्थ र सुर्तीजन्य कुराहरुले शरीरमा असर गर्न भए पनि त्यतातिर उपचार गर्नुभन्दा शारीरिक हानी-नोक्सानी गर्नेतिर लाग्ने, यी सबैको मुख्य कारण अशिक्षा र अज्ञानताका कारण उनीहरुलाई स्वास्थ्यमा हानीकारक वस्तुको सेवनबाट वञ्चित गराइ स्वास्थ्यबर्द्धन तत्वको सेवन गर्न बचेको पैसालाई बचत गरी राख्ने भोलि आउने आपत्कालीन स्थितिमा काम लाग्ने कुराको ज्ञान उनीहरुको दिमागमा भरी दिए भलाइ हुने सोच्यो रमेशले। स्वास्थ्यको कमीले गर्दा काम गर्न जान असमर्थ रहेका छन्। त्यो दिन उनीहरुको चुलोमा आगो बल्दैन।

त्यो रमेशले देख्यो किनकि सानैदेखि शिक्षामा पूर्णविराम लागेपछि बालबालिकाहरुको जीवन अन्धकार हुने नै भयो। बरु तनी बालबालिकाहरु बाबुआमासँग काममा हात बटाउने माछा मार्नीतिर उनीहरु लागेको पाइयो। के यो उनीहरुको बाध्यता हो ? यस्तै परिवेशमा बाल्य अवस्था बितेको रमेशले देख्यो त्यसका लागि उसले बालबालिका अभिभावकहरुलाई भेला गराइ शिक्षा दिन्छु। उनीहरुका छोराछोरीहरुलाई स्कूल पठाउने सल्लाह दिन्छु। आफूले जीवनभरि चियाकमानमा मजदुर गरे पनि आफ्ना बालबालिकाहरुलाई शिक्षित बनाउन सके भोलिका दिनमा उनीहरुको भविष्य सुखमय हुने थियो र तपाई अभिभावकहरुलाई पनि सुख मिल्ने थियो।

रमेश २० महिनासम्म यस्तै सेवा कार्यमा जुटेको थियो। उसको व्यक्तिगत खर्च अनि समाजसेवा हो त्यो। रमेश कसैसँग हात पसार्दैन सबै शिक्षित बनुन् सबैको स्तर राम्रो बनोस् र यस्तो समाजसेवामा जुट्ने प्रयास हामी सबैले गरौं भन्ने रमेशको मनसाय हो। सुबोधलाई पनि उसले यस्तै कार्यमा जुट्ने सल्लाह दिन्छ। सुबोध पनि यस्ते कार्यलाई जिम्मेवारीका साथ कार्य गर्थ्यो। तर, त्यसले समाधानको बाटो केही भन्ने कुरा उसलाई थाह थिएन। राम्रो बाटो नभेटे मानिस आफ्नो गन्तव्यमा पुग्न सक्दैन अनि ऊ असफल हुन्छ। त्यसैले रमेशले सुबोधलाई आफ्नो गन्तव्यमा कसरी पुग्ने भन्ने कुराको जानकारी दियो। सुबोधको प्रश्नको जवाफ पनि यही नै थियो। समाजसेवा, जनसम्पर्क, बुद्धिको विकास सबैथोक यसमा पाइन्छ। तर, यसका लागि अविरल प्रयासका साथ सेवाको भावना र दृढ प्रतिज्ञाका साथ लाग्नुपर्छ। सजिलो भने छैन, तर निरन्तर मेहनत गरे अप्ठ्यारो काम पनि सजिलो हुन्छ।

रमेशको भनाइ आफूदेखि तलकालाई माथि उठाउन सके आफू स्वतःस्फूर्त माथि पुगिन्छ- यो एउटा वैज्ञानिक आधार हो। यता कालिकाले भाइ कौशलका निम्ति सानो एउटा घर बनाइदिएको छ। कालिकाले बाबु मरेको ठाउँमा कपुर बनाएको छ। अहिले उसको पारिवारिक कुरामा धेरै परिवर्तन भएको छ। विवाह पनि आफू सुहाउँदो विवाह गरेको छ। तर, अब कालिका केही दिनपछि विवादमा फस्ने भएको छ। भाइ सुबोध र कौशल भने कालिकातिर लाक्दैनन्। दिदीबहिनी तीन बहिनी छन् ती कालिकातिर लाग्दैनन् उसले केही दिएकै छैनन्। आश भने केही पाउने उनीहरुको बाबुले जमिन निकै जोडका रहेछन्। अचल सम्पत्ति भाइहरुलाई पनि दिनुपर्ने कालिकाले दाजुभाइको अंशबण्डा भएको छैन त्यसैले अंशबण्डामा दाजुभाइ मात्र नभएर दिदीबहिनीहरुलाई पनि दिनुपर्ने सुबोध र कौशलको भनाइ छ।

सुबोधलाई जनसेवा साथै अर्थको पनि आवश्यकता हुने भएकाले एउटा कों काम केही सेवा र थोरै अर्थ पनि हुने काम रमेशले दिएको छ। उसको अण्डरमा काम गर्ने साथीहरु अन्य दुईजना थपिएका छन्। चन्दन र कुलाङ्ग चरण दोषी चन्दनले कम्प्युरको काममा निरन्तरता दिएको छ। तर, अब खट्न नसक्ने स्थितिमा छ ऊ। कुलाङ्गले मात्र अहिले सुबोधलाई साथ दिने भएको छ। सुबोध निरन्तर सेवामा खटेको छ, ऊ एकदिन अवश्यक आफ्नो गन्तव्यमा पुग्नेछ।

# सामुदायिक विद्यालयमा दिवा खाजा प्रभावकारी बन्दै

□ युद्धबहादुर बोहोरा



**इलाम, कात्तिक ३।** सरकारले सञ्चालन गरेको दिवा खाजा कार्यक्रम अन्तर्गत फाकफोकथुम गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा थप प्रभावकारी बनाउन लागिएको छ ।

पालिकामा रहेका ४१ वटा विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्ममा अध्ययन गर्ने एक हजार आठ सयभन्दा बढी विद्यार्थीलाई यस कार्यक्रमबाट बालबालिकाको वृद्धि, विकाससँगै विद्यालय शिक्षामा टेवा पुऱ्याउने उद्देश्य राखिएको छ । शाखाले आयोजना गरेको ४१ वटै विद्यालयका प्रधानध्यापकहरुको उपस्थितिमा फलाँटे माध्यमिक विद्यालयका प्रधानध्यापक राजेन्द्र राईको अध्यक्षतामा दिवा खाजा सम्बन्धी एक दिने अभिमुखीकरण छलफल सम्पन्न गरेको छ । समय-समयमा स्थलगत अनुगमन गरी दिवा खाजा प्रभावकारी बनाउन लागिएको पालिका शिक्षा शाखा प्रमुख मतापसिंह लिम्बूले जानकारी दिए ।

सरकारले जारी गरेको निर्देशिका अनुसार सफाइ, खुवाइ, पढाइ र सिकाइलाई मध्यनजर गर्दै सबै विद्यालयले नियम पालन गर्न र बालबालिकाले पोषणयुक्त खानेकुरा खान पाउन भनेर स्थानीयस्तरमा उत्पादित खानेकुरा मात्र खुवाउनुपर्नेमा अभिभावकहरुले पनि उत्तिकै जिम्मेवारी वहन गर्न बैठक मार्फत अनुरोध गरिएको छ । दैनिक प्रति विद्यार्थी १५ रूपैयाँ बराबरको खाजा दिने गरिएको छ । विद्यालयले बुझाएको तथ्याङ्कका आधारमा उक्त रकम शिक्षा शाखा मार्फत पालिकाले उपलब्ध गराउँदै आएको हो । कतिपय विद्यालयले भने घरबाटै खाजा ल्याउन लगाउने गरेका छन् ।

विद्यालयमा खाजा खुवाउन थालिएपछि विद्यार्थी नियमित हुन थालेको र विद्यार्थीले नियमित कक्षा लिएसँगै उनीहरूको सिकाइ उपलब्धि पनि सुधार भएको बैठकमा सहभागी शिक्षकहरूले जनाएका छन् । छलफलमा विभिन्न विद्यालयले पेश गरेका गुनासा, समस्या र कठिनाइ आगमी दिनमा समाधानको बाटो खोजिने शाखा प्रमुख लिम्बूले बताए ।

धार्ने खोप आधारभूत विद्यालयका प्रधानाध्यापक शान्तिराम भट्टराईले यसभन्दा पहिले कतिपय विद्यार्थी खाजा खाने पहिले घर जाने गरेको बताए । उनी भन्छन्- 'आजभोलि खाजा कार्यक्रम शुरू भएयता विद्यार्थी कक्षामा नियमित हुने र पुरै समय कक्षामा बस्ने गरेका छन्, खाजा कार्यक्रमकै प्रभावका कारण विद्यालयमा बालबालिकाको संख्या बृद्धि भइरहेको छ' -उनले भने ।

सरकारले विगत वर्षदेखि नै देशव्यापीरुपमा यस कार्यक्रमको शुरुवात गरेको भएता पनि कोरोना महामारीका कारण विद्यालय सञ्चालनमा बाधा पुगेको थियो । हरेक गतिविधिहरु निरन्तर हुन नसक्दा विद्यार्थीका क्रियाकलापहरु समेत ओझेलमा परेका थिए । पछिल्लो समयमा दिवा खाजा र निरन्तर विद्यालय सञ्चालनले आफ्ना बालबालिकामा उत्साह बढेको विद्यार्थीका अभिभावकहरु बताउँछन् ।

# हरेक घरमा खानेपानीका धारा

**झापा, कात्तिक ३।** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका २७ घरका बासिन्दाको घरमा स्वच्छ खानेपानी उपलब्ध गराइएको छ ।

नगरपालिकाको रु. १० लाख नगद र प्राविधिक सहयोग तथा उपभोक्ता समितिको जनश्रमदान गरी रु. १८ लाखभन्दा बढी लगानीमा खार्मीस्थित सिरुवानी, रुयल र मानेडाँडाका २७ घर स्थानीय बासिन्दाका हरेक घरमा स्वच्छ खानेपानी उपलब्ध गराइएको हो ।

वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका तीन गाउँका २७ घर उपभोक्ताका हरेक घरमा निर्माण गरिएका खानेपानीको धारामा अहिले २४सै घण्टा स्वच्छ पानी आउने गरेको स्थानीय उपभोक्ता एवं नेकपा (माओवादी केन्द्र)का गाउँस्तरीय नेता शिवजी राईले बताए ।

खानेपानी योजना सञ्चालन गर्दा प्राविधिक त्रुटिका कारण उपभोक्ता समितिलाई रु. साढे तीन लाखभन्दा बढी ऋण लागेको उपभोक्ता समितिका अध्यक्ष नारदकुमार श्रेष्ठले बताए । खार्मीमा सञ्चालित खानेपानी योजनामा देखिएको प्राविधिक त्रुटिका विषयमा नगरपालिकाका प्रमुख इन्जीनियरसँग परामर्श गरेर समाधान गरिने नगर प्रमुख दीपनारायण रिजालले बताए । नगरपालिकाको ९० र उपभोक्ता समितिको १० प्रतिशत लगानी भनेर सञ्चालन गरिएको खानेपानी योजना अन्तर्गत रुयलमा निर्माण गरिएको ट्याङ्कीबाट रुयल र मानेडाँडाका गरी २१ घर तथा सिरुवानीमा निर्माण गरिएको ट्याङ्कीबाट छ घर उपभोक्ताको घरमा पानी वितरण गरिएको छ ।

सात सय ७४ घरधुरी जनसंख्या रहेको खार्मीका अधिकांश टोलमा लामो समयअघिदेखि खानेपानीको समस्या रहेको वडाध्यक्ष रामचन्द्र राईले बताए । खार्मीका स्थानीय उपभोक्ताका लागि केही ठाउँमा दातृ निकायले सञ्चालन गरेको खानेपानी योजना बाहेक सरकारी क्षेत्रबाट सहयोग भएको छैन ।

# आत्मरक्षा सम्बन्धी तालिम




**दुहागढी, मंसीर ३।** किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी दुई दिने तालिम झापा मेचीनगर-१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयमा सम्पन्न भएको छ ।

महिला जनचेतना केन्द्र काँकरभिट्टाको आयोजना तथा काँकडभिट्टा फिटनेस सेन्टरको सहआयोजनामा तालिम सम्पन्न भएको हो । तालिममा कक्षा ८, ९ र १० का ७० जना छात्राहरुको सहभागिता रहेको थियो । तालिममा आत्मरक्षा सम्बन्धी विभिन्न ज्ञान र सिपका बारेमा प्रशिक्षकहरु अर्जुन लम्साल र साइ किरण लम्सालले सहजीकरण गरेका थिए ।

महिला जनचेतना केन्द्रका मणिकुमार लिम्बूले तालिमको औचित्य माथि प्रकाश पारेको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक विश्व थापाले धन्यवाद ज्ञापन गरेका थिए ।


## कोठा बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड टाटा शोरुम सँगै ऱ्याकसहिको सटर कोठा बिक्रीमा छ ।

सम्पर्क नं. ९८१५९५५३६२

## बिक्रीमा

शनिश्चरे बजार र अर्जुनधारा-४ बागेडाँगीमा सस्तोमा घडेरी तथा जग्गा बिक्रीमा ।

सम्पर्क नं. ९८१५०८०३९१

## आवश्यकता

पद : वेटर/वेट्रेस
पद : पिजा कुक
*सम्बन्धित काममा अनुभवी*
सम्पर्क: वृक्ष क्याफे, दुर्गापुर, झापा
फोन: ९८१३७५४६६६

## तु-आवश्यकता

काँकरभिट्टास्थित एक होटलका लागि निम्न कर्मचारीको आवश्यकता भएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
पद : फास्टफुड कुक
संख्या : १ (पुरुष)
अनुभवीलाई विशेष ग्राह्यता दिइने
सम्पर्क : ९८४२७५४२५४
९८०२७५४२५४

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
*नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।*

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## होटल तालिममा भर्ना खुल्यो

१००% रोजगारसहित CTETE बाट मान्यता प्राप्त होटल तालिममा भर्ना खुल्यो
काठमाडौंबाट सञ्चालित एसीयन होटल ट्रेनिङ्गको ५०% सहयोगमा अब हाम्रो बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो ।
**तालिमहरु :**
- कुक, इण्डीयन, चाइनीज, कन्टीनेन्टल, इटालियन
- वेटर, हाउसकिपिङ्ग आदि

**हाम्रा विशेषताहरु**
- काठमाडौंको 5star होटलका सेफद्वारा तालिम दिइने
- तालिममा चाहिने सम्पूर्ण सामान काठमाडौंबाटै ल्याइने
- तालिम पछि आफै कम्पनीबाट विदेश पठाइने
- तालिममा दक्ष नभए पुनः रि-तालिम गरी दक्ष बनाइने
- तालिमपछि काठमाडौं लगायत विभिन्न ठाउँमा जब लगाइने छ ।

सिट सिमित भएकोले आजै सम्पर्क गरौं ।

एसीयन हस्पिटालिटी प्रा. लि., बिर्तामोड, झापा
पश्चिम बस स्टेण्डबाट २०० मिटर दक्षिण (मो. ९८१२३५१२२६, ९८१२३५१२७२)

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलबध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

## नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५, झापा

### साधारण सभा हुने बारेको सूचना

यस नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्था लि. को दशौं साधारणसभा कार्य समितिको मिति २०७८/०७/२७ गतेको बैठकको निर्णय बमोजिम निम्न मिति, स्थान र समयमा हुने भएकोले उपस्थितीको लागि अनुरोध गर्दछौं ।
**साधारण सभा बस्ने मिति :** २०७८/०८/१८ गते शनिबार
**स्थान :** सिटिसेन्टर बिर्तामोड-५ **बिहान :** १० बजेदेखि ४:00 बजेसम्म
**साधारणसभामा छलफल हुने विषयहरु**
१. सञ्चालक समितिको तर्फबाट आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
२. आ.व. २०७७/०७८ को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्ध ।
३. आ.व. २०७७/०७८ को स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
४. आ.व. २०७८/०७९ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र बजेट माथि छफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
५. संस्थाको संसोधित विभिन्न नीति उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
६. निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णय गर्नको लागि समिति चयन गर्ने सम्बन्धमा ।
७. शेयर सदस्यहरुलाई वितरीत लाभांष अनुमोदन गर्ने सम्बन्धमा ।
८. संस्थाको विनियम संसोधन गर्ने सम्बन्धमा ।
९. संस्थाको नयाँ कार्यसमिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
१०. विविध

सम्पर्क : ९८४४६४२४०९, ९८१७९४६५८६ सुष्मा भण्डारी पौडेल : अध्यक्ष

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## श्री अर्जुनधारा माध्यमिक विद्यालय

अर्जुनधारा-४, भाङ्बारी, झापा
विद्यालय कोड नं. ०२००४००१२

### दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना

यस विद्यालयलाई उपलब्ध भएको शिक्षण सहयोग मावि तह अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएको हुँदा शिक्षक छनौट समितिको मिति २०७८/०७/२९ गते बसेको बैठकको निर्णयानुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट तपसिल अनुसारको रितपूर्वक दरखास्त आह्वान गरिएको छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | विषय | तह, श्रेणी र प्रकार | रिक्त पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१/२०७८/०७९ | गणित | शिक्षण सहयोग अनुदान (मा.वि. तह) | १ (एक) | |

१. **तलब स्केल :** नेपाल सरकारले तोके बमोजिम साथै शिक्षण सहयोग अनुदान रकम निरन्तर प्राप्त भएमा करार अवधि थप हुनसक्ने ।
२. **शैक्षिक योग्यता :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षामा उत्तिर्ण गरेको र मावि अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
३. **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु (चारित्रिक/लब्धांक/ग्रेडसिट/ट्रान्सकिप्ट) अध्ययन अनुमितपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान र पासपोर्ट साइजको फोटो २ प्रति
४. **उमेर र योग्यता :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको तथा प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
५. **आवेदन दस्तुर :** रु. १५००।- (अक्षरेपी रु एक हजार पाँच सय मात्र)
६. **आवेदन दिने स्थान :** श्री अर्जुनधारा माध्यमिक विद्यालयको कार्यालय ।
७. **पाठ्यक्रम :** शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम ।
८. **दरखास्त दिने मिति :**
(क) करार सूचीमा नामावली भएकाहरुको हकमा मिति २०७८/०७/२९ देखि २०७८/०८/१३ गतेसम्म (१५ दिन) विद्यालय समयसम्म ।
(ख) उक्त करार सूचीमा उम्मेदवारले दरखास्त पेश नगरेमा खुला उमेरद्वारको लागि मिति २०७८/०८/१४ गतेदेखि मिति २०७८/०८/२० गतेसम्म (७ दिन) यदि सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट विद्यालय खुलेको समयसम्म ।
९. **परीक्षा प्रकार :** लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक समेत ।
१०. **सम्पर्क मिति र नम्बर :** मिति २०७८/०८/२१ गते (९८४२६४०१५०, ९८४०५२६९७३, ९८१६९६२१२२, ९८४२६७४४४३, ९८१४९६९१९१)
११. **परीक्षा मिति :** सम्पर्क मितिको दिन तोकिने छ ।

– प्रधानाध्यापक

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

## नेपालीहरुको लागि भरपर्दो सेवा

### निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९१)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। समय अनुसार चल्न नसक्ता अलि दुख पाइनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** केही बाध्यात्मक परिस्थितिले अलमल्याए पनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ। साझपख कार्य वन्न सक्ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। परिबन्धले चुनौति निम्त्याउन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** ठूलो भागको आशा राख्दा भएको वस्तु गुम्न सक्छ। अरूका विषयमा चासो लिंदा व्यर्थैमा झमेला व्यहोर्नुपर्ला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा विशेष ध्यान पुऱ्याउनुहोला। उपलब्धिका स्रोत आउनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सुन्दर पहिरनले व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। व्यापारमा राम्रो फाइदा लिन सकिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ। परिस्थिति अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नयाँ योजनातर्फ अग्रसर भइनेछ। अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पहिले इर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। चुनौती चिर्दै काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ।